# बलरा नगरपालिका

११ औं नगरसभाको बैठक

आ.व.२०८०/०८१

बलरा नगरपालिका

बलरा, सर्लाही

प्रमाणित गर्ने

..............

नगरसभामा प्रस्तुत मिति :-२०८०/३/१०

नगरसभाबाट स्वीकृत मिति :-२०८०/ /

प्रमाणिकरण मिति :- २०८०/ /

# आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रम

बलरा नगरपालिकाको गरिमामय ११ औं नगरसभामा उपस्थित नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, आमन्त्रित महानुभाव लगायत संचारमाध्यमको प्रत्यक्ष प्रशारण बाट सुनिरहनुभएका नगरवासी आमा बुवा, दिदिवहिनी, दाजुभाईहरुमाझ बलरा नगरपालिकाको ११ औं नगरसभाको पहिलो बैठकलाई नीति तथा कार्यक्रम मार्फत सम्वोधन गर्न पाउँदा म गौरवाम्बीत छु।

नेपालको इतिहासका धेरै अप्ठयारा एवं विषय परिस्थिती पार गर्दै आजको अवस्था सम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिनताको झण्डा फहराउदै वीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभरा हस्तान्तरित हुदै आएको छ । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि २००७ सालको क्रान्ती तथा इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु साथै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लागि आगाडि बढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते अपांगहरु प्रति उच्च सम्मान तथा स्वास्थ्य लाभको कामना गर्दछु ।

बलरा नगरपालिकाको विकास निर्माण, आर्थिक तथा सामाजिक क्रियाकलाप लगायत विविध क्षेत्रमा छोटो अवधिमा निकै परिवर्तन आएको महसुस मैले गरेको छु । तिमध्ये केही यसप्रकार रहेका छन् ।

- सेवाप्रवाहलाई चुस्तता तथा सरलता बनाउन कर्मचारी संगठन व्यवस्थापन (O & M) को पुन:संरचना गरिएको ।
- प्रत्यक वडा कार्यालयबाट सामाजिक सुरक्षा तथा बालपोषण भता वितरणको व्यवस्था मिलाईएको ।
- प्राथमिक स्वास्थ्य केन्द्र अचलगढमा नियमित रुपमा MBBS डाक्टर द्वारा सेवा प्रदानको व्यवस्था मिलाइएको ।
- पालिकाभित्र रहेको ३१ ओटा विधालयहरु मध्ये १२ ओटा विधालयमा भौतिक निर्माण कार्य चालु अवस्थामा रहेको

- स्थानिय निर्वाचन भन्दा अधि पुर्ण रुपमा बन्द रहेका ३ ओटा विधालयहरुलाई नियमित संचालनमा ल्याई पठन पाठन भईरहेको ।
- सञ्चालनमा नरहेको दुई ओटा बर्थिङ्ग सेन्टरमा आवश्यक व्यवस्थापन गरि नियमित रुपमा सेवा प्रवाहको व्यवस्था मिलाइएको ।
- पालिकाभित्रका गर्भवति महिलाहरुलाई बर्थिङ्ग सेन्टर सम्म पुग्न नि शुल्क एम्बुलेन्सको व्यवस्था मिलाइएको ।
- भौतिक पूर्वाधार बिकासको लागि यस चालु आ.व.मा जे.सि.बि.खरिद गरिएको ।
- यस पालिकाको विधार्थिहरुलाई लक्षित गरी शिक्षा सेवा आयोग, लोक सेवा आयोग तथा सुरक्षा निकायको तयारी कक्षाहरु संचालन गरिएको ।
- बेरोजगार युवा तथा महिलाहरुलाई लक्षित गरी सो रोजगार मूलक तालिम सञ्चालन गरीएको जसबाट ३०० भन्दा बढी किशोर किशोरीहरु तालिम लिएको ।
- बालविकास शिक्षक तथा कार्यालय सहयोगीलाई थप रु २,०००/- पालिकाबाट दिने व्यवस्था मिलाइएको ।
- सुदामा र मिर्जापुर प्रा.वि.लाई मा.वि.मा स्तरोन्ती गर्ने चालु आ.व.मा सुदामा ८ कोठे भवन र मिर्जापुरमा भौतिक पुर्वाधारको स्तरोन्ती गरिएको ।
- अचलगढ बर्थिङ्गसेन्टर २४ घण्टा संचालनमा ल्याउन P.H.C. भवनको माथि कर्मचारीहरुको अवासको लागि ५० लाख बजेट विनियोजनगरी निर्माण कार्य चालु अवस्थामा रहेको ।
- एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन बिग्रेको अवस्थामा रहेको एम्बुलेन्स मर्मत गरी संचालनमा ल्याइनेछ ।
- वडा नं.५ मा जिर्न अवस्थामा रहेको स्वास्थ्यको सट्टा नयाँ स्वास्थ्य चौकी भवन निर्माण बिस लाख विनियोजन गरी निर्माणाधिन रहेको ।
- .स्वास्थ्य सेवामा पहुच वृद्धी गर्न एकीकृत स्वास्थ्य शिविर संचालन गरी १२ सय भन्दा बढी सेवा ग्राहि लभान्वीत भएको ।
- आखा शिविर संचालन गरी ६०० भन्दा बढी जनताको आँखा परिक्षण गरी चस्मा वितरण गरिएको ।
- चालु आ.व.मा न.पा.भित्र संडक पुर्वाधार विकासमा अनुमानित १४ कि.मि.सडक ढलान कार्य गरिएको ।



CamScanner

- कृषि सिचाईको लागि चालु आ.व. मा ८० ओटा स्यालोटियुवेल जडान कार्य गरिएको।
- कृषि सिचाइको लागी मिर्जापुर वडा नं.६ मा ३ ओटा डि बोडिङ्ग जडान गरिएको।

माथी उल्लेखित कार्यका अलवा अन्य विविध येजना, कार्यक्रम तथा नीतिगत विषयमा भएका कार्यहरुको सभाले अनुमोदन गर्नेछ साथै कार्यालयबाट नियमानुसार भएका निर्णयहरुको समेत अनुमोदन हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त रहँदै म आज बलरा नगरपालिकाको ११ औं नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, अन्य कार्यक्रमगत श्रोत तथा राजस्व बाँडफाँडको रकममा कमी हुने गरी श्रोतको सुनिश्चितता प्राप्त भएको छ। साथै, नगरपालिकाको आन्तरिक श्रोतमा कमी आउने तथा वाह्य श्रोत व्यवस्थापन समेत चुनौतीपूर्ण हुने देखिएको छ भने अर्कोतर्फ नगरपालिकाको विकास र सेवा प्रवाहका साथै आम नागरिकको अपेक्षा अनुरुप कार्य पद्धति व्यवस्थापनमा श्रोत परिचालन थप चुनौतीपूर्ण बन्ने निश्चित छ।

## खण्ड -१

### १.पारम्भ

नेपालको संविधान र संघीय र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा बलरा नगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ। यस नगरपालिकामा मिति २०७९ वैशाख ३० गते स्थानीय तहको दोश्रो चुनाव सम्पन्न भई कार्यभार ग्रहण गरेको एक वर्ष पुरा भएको छ। हाम्रो लोकतान्त्रीक अभ्यास र आफना प्रतिनिधी मार्फत जनचाहना अनुरुपका कार्यहरु सुर भएको छ। यी कार्यहरुमा प्रत्यक्ष/परोक्ष सहयोग पुर्याउनु हुने सवैमा हार्दिक आभार सहित धन्यवाद व्यक्ति गर्दछु।

### १.बलरा नगरपालिकाको परिचय :

बलरा नगरपालिकाको स्थापना नेपालको संविधान २०७२ बमोजिम भएको हो। यो नगरपालिका निर्माणको क्रममा छुट्टाछुट्टै गा.वि.स.हरु र ति भित्रका वार्डहरुलाई मिलाई



CamScanner

बलरा नगरपालिका को सिमानिर्धरण गरिएका छन । बिगतमा बलरा एउटा गा.वि.स.को रुपमा परिचित रहेको थियो । देशको राजनीतिक पुर्नसंरचनाको क्रममा हथिऔल, अर्नाहा, बलरा, मिर्जापुर, डुमरिया, अचलगढ, सुदामा तथा छतौना गा.वि.स.को सम्पुर्ण भागहरु एवं गडहिया गा.वि.स.को वार्ड नं. ३,४,५,६,७,८ तथा ९ लाई एक ठाउँमा ल्याई बलरा नगरपालिकाको नाममा यो नगरपालिकाको स्थापना गरिएको हो । यस नगरपालिकामा समाहित भएका सबै गा.वि.स.हरुको परापूर्वकाल देखि नै आफनै पहिचान र ऐतिहासिक पृष्ठभूमि बोकेका महत्व रहेका छन । यिनीहरुको नामाकरणको बारेमा पनि बिभिन्न ऐतिहासिक धारणाहरु बिभिन्न वृद्धवर्गहरु एवं बुढापाका यहांका बासिन्दाहरुले भन्ने गरेका छन । लोकोक्ति तथा लोक बिचारको आधारमा यी नगरपालिका का बिभिन्न वार्डहरुको नामाकरणको सम्बन्धमा बिभिन्न धारणा रहेकोले ती बिषयहरु यस नगरपालिकाको ऐतिहासिक धरोहर रहनुको साथै यसको प्राचिनतालाई समेत प्रमाणित गर्दछ ।

यस नगरपालिकाको भू बनौट तथा रहन सहन एवं सभ्यताले यसको प्राचिनतालाई पुष्टि गर्नुको साथै वर्तमान समयमा यसको राजनीतिक सिमानाहरु फेरिएका छन । लगभग ४८.५५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो नगरपालिका पश्चिममा देशका ठुला नदी बागमती एवं मनुष्मारा तथा रौतहट जिल्लाको सिमाना सित जोडिएको छ भने पूर्वमा सर्लाही जिल्लाकै गोडैता नगरपालिका संग जोडिएका छन । उत्तर दिशामा रामनगर गाँउपालिका सित सिमाना मिलाएकोछ भने दक्षिणमा नेपाल भारतको अर्न्तराष्ट्रिय सिमाना रहेको छ । जिल्ला सदरमुकाम मलंगवाबाट लगभग २५ कि.मि. दक्षिण पश्चिममा रहेको यस नगरपालिकाको कुल जनसंख्या ४५१९४ रहेकोछ । देशको सम्पुर्ण तराई मधेश क्षेत्रलाई जोडने हुलाकी राजमार्ग यस नगरपालिकाको डुमरिया छतौना हुँदै बाग्मती नदीको किनारा सम्म गई रौतहट जिल्लामा प्रवेश गर्दछ । सार्वजनिक यातायातको दृष्टीकोणले दुर्गम भएपनि प्राकृतिक रुपमा हराभरा देखिन्छ । अति नै उब्जाउ माटो रहेको यस नगरपालिकाका बासिन्दाहरुको मुख्य पेशा कृषि हो । यहां धान, गहुँ, उखु, दालहरु, आलु, तोरी लगायतको खाद्य बस्तुहरुको प्रमुख रुपमा उत्पादन हुने गर्दछ । शिक्षा, सरकारी जागीर एवं राजनीतिक नेतृत्वमा सहभागिताको लागि यो नगरपालिका विख्यात रहेको छ । बिभिन्न जाति,तथा धर्म मान्ने व्यक्तिहरु बिच पनि धार्मिक एवं सामाजिक सामन्जस्यता रहेको यस नगरपालिकाका जनताहरुको बिच सुमधुर सम्बन्ध रहेका छन । अतिथि देवो भव: को सिद्धान्तलाई अनुशरण गर्ने यहांका नागरिक बाहिरी प्रति सदैव सुभेच्छा एवं सम्मान व्यक्त गर्ने आफनो परम्परालाई सदैव अनुपालन गर्ने गरेका छन । बिभिन्न नदीनालाहरु द्वारा सिंचित यस नगरपालिकामा बिभिन्न मठ मन्दीर तथा धार्मिक एवं सांस्कृतिक पर्यटकिय स्थलहरु रहेका छन ।



CS CamScanner

### १.२.अवसर

आफनो समस्या आफ्नै प्रतिनिधिबाट समाधान गराउन पाउने अधिकार प्राप्तीको लागि २०७४ साल आश्विन ०२ गते यस बलरा नगरपालिकाको स्थानीय तहको पहिलो र २०७९ बैशाख ३० गते दोस्रो निर्वाचन सम्पन्न भै एक वर्ष हदै गर्दा केही विकास निर्माणका कार्य तिव्रता भइरहेकै छ । तथापी आगामी दिनमा यस बलरा नगरपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृत्ती विकास, रोजगार, आयमुलक, सिपमुलक एवम पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु संचालनमा यस नगरको उद्दश्य र कार्ययोजनामा राजनीतिक दल, संघ संस्था, स्थानीय वासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागिता निस्वार्थ ढंगले रहेकाले पुर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ ।

### १.३ चुनौती

यस बलरा नगरपालिकाबाट हाल सम्म विविध कारणले सम्पन्न गर्न र विगतमा कार्ययोजनामा समावेश गर्न छुट भएका आवश्यकताहरुलाई आगामी दिनमा कार्यान्वयनमा लयाउन हामीले विभिन्न क्षेत्रमा आवश्यकता र औचित्यताको पहिचान सहित भू-उपयोग नीति, वातावरण मैत्री स्थानीय शासन, राष्ट्रिय तथा स्थानीय भवन आचार संहिता, खुल्ला क्षेत्र घोष्णा, सडक मापदण्ड निर्धारण कार्यान्वयन, सडक बत्ति व्यवस्थापन, राजश्व परिचालन, नगरपालिका यातायात गुरु योजना, सर्वसधारणको इन्टरनेटमा पहुँच, सामाजिक सुरक्षामा सहजता, भ्रष्टाचार सुन्य सहनशील नगरपालिकाको घोषणा, सामुदायीक स्वास्थ्य क्लीनिक, छाडा पशु चौपाया नियन्त्रण व्यवस्थापन, सार्वजनिक पार्क स्थापना, सार्वजनिक जग्गा संरक्षण, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्ति मैत्री कार्यक्रम, वातावरण मैत्री कार्यालय, भवन आचार संहिता सम्बन्धी तालिम, बाल श्रम निषेध कार्यक्रम, कृषि विद्युतीकरण, विषादि रहित कृषि एवं रहित क्षेत्र कार्यक्रम, सरसफाई कार्यक्रम, ऐतिहासिक स्थलको संरक्षण, सडक सुधार र संरक्षण, पर्यटन विकास लगायतका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व एवं जिम्मेवारी यस नगरपालिकामा आएको छ । यस क्षेत्रभित्रको सार्वजनिक पर्ति जग्गा संरक्षण, आन्तरिक बजारीकरण व्यवस्थापन, आर्थिक आय आर्जनका विविध कार्यक्रम, आन्तरिक आय व्यवस्थापन सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन, पुरातात्वीक सम्पदा, प्राकृतिक सौन्दर्यता र पंटन विकास, सक्षम एवं सवल बलरा नगरपालिका बनाउने र अधिकतम आवश्यकता लाई न्यूनतम स्रोत साधन बाट सम्बोधन गर्नुपर्ने अवस्था हाम्रो लागि चुनौती वनेको छ ।



CamScanner

## खण्ड-२
## आगामी आ.व.२०८०/०८१ को नीति कार्यक्रम तथा बजेट

बलरा नगरपालिकालाई व्यवस्थित र समृद्ध नगरपालिका बनाउन आवश्यक ऐन, नियम, निती, कार्यक्रम समेतको उपयुक्त कार्यन्वयनको लागि निम्न अनुसार नीति, कार्यक्रम पेश गरिएको छ ।

### २.१ परिकल्पना
आत्मनिर्भर, सक्षम एवं जनमुखी स्थानीय सरकार । समृद्धिपूर्ण सुशासन बलरा नगरपालिकाको आधार ।

### २.२ सोच
बलरा नगरपालिकाका वासीहरुको आधारभूत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सक्षम एवं सवल नगर बनाउने मुख्य सोच रहेको छ ।

### २.३ लक्ष्य
विभिन्न ऐतिहासिक, पुरातात्वीक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको बलरा नगरपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पूर्वाधारको विकास, कृषिमा आधुनिकीकरण र नागरिक शसक्तिकरण गर्दै सक्षम एवं सवल वनाउने लक्ष्यका साथ नगरलाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण नगरपालिकाको रुपमा विकास गरि आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर एवं सवल नगर वनाउने लक्ष्य राखिएको छ ।

### २.४ उद्देश्य
स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टिपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी निजी क्षेत्र एवं समुदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ । आर्थिक तथा सामाजिक असमानता हटाउन सुसाशन एवं पारदर्शिता कायम गरी समावेसी समानुपातिक विकासको अवधारणामा नगरपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी बृद्धि गरिनेछ । लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा बृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ । सुशासनको प्रत्याभुती सहित ऐतिहासीक कला, संस्कृति, सम्पदा तथा प्राकृतिक सौन्दर्ययुक्त स्रोत साधानहरुको अधिकतम



CamScanner

परिचालनका साथ समग्र विकासद्धारा देशकै नमूना नगरपालिकाको रुपमा सवलीकरण गर्दै सक्षम र आत्मनिर्भर नगर बनाउने मुख्य उद्देश्य हुनेछ ।

### २.५ अवलम्वनका आधारहरु

बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न अनुसार छन ।

- संघीय गणतन्त्र नेपालको संविधानमा व्यवस्थापन भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु ।
- स्थानीय तह सम्बन्धी जारी ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानुनी व्यवस्थाहरु ।
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धरण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु ।
- वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम् विभिन्न माध्यमबाट संकलन भएका सुझावहरु ।
- विषयगत कार्यालय र निकायवाट प्राप्त राय सुझावहरु ।
- नगरसंग सम्बन्धित विषयहरुमा विभिन्न क्षेत्रका बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु संगको परामर्शबाट प्राप्त राय एवं सुझावहरु ।

## खण्ड-३

## क्षेत्रगत समग्र नीति तथा आधारहरु

यस बलरा नगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि यस नगरपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

### ३.१ सामान्य प्रशासन नीति

३.१.१ जनप्रतिनीधी र कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट संचालन गरिनेछ ।



CamScanner

३.१.२ नगरपालिका बाट उपलब्ध गराइने सेवाग्राहीसंग सम्बन्धित सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज बनाइनेछ।

३.१.३ नगरपालिबाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको नागरिक वडापत्र कार्यान्वयन गरिनेछ।

३.१.४ नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ एकद्धारा प्रणलीबाट उपलब्ध गराइनेछ।

३.१.५ कर्मचारीहरुको कार्य सम्पदान तथा मूल्यांकन विधि लाई प्रभावकारी र बैज्ञानिक बनाई सचेतिकरणका साथ दण्ड, पुरस्कार पद्धतीको आधारमा सेवामुखी एवं जवाफदेही बनाइनेछ।

३.१.६ नगरपालिका कर्मचारीकल्याणकोष परिचालन कार्यविधी बनाई कार्यान्वयनमा ल्याइनेछ।

३.१.७ मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखि नगरपालिका भित्र रहेका मानव संसाधनको रोष्ट तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ।

३.१.८ नगरपालिकाको तथा वडा कार्याहरुको सुरक्षा सवलिकरणका लागि नगर प्रहरीको व्यवस्था मिलाँइनेछ।

३.१.९ कर्मचारीले पाउने सेवा सुविधाहरु, योग्यताको आधारमा पद वर्गीकरण गरिनेछ।

३.१.१० नगर सभा सदस्यहरुको बिमा र क्षतिपूर्तीको निर्धारण गरिनेछ।

३.१.११ कर्मचारीहरुको सरुवा अन्तरवडा तथा पालिकामा आवश्यक्ता अनुसार गरिनेछ।



CamScanner

## ३.२ सेवा प्रवाह नीति

३.२.१ आम नगरवासीका लागि सहज र सुलभ सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नगरवासीको दैलोमा सेवा पुर्याउन सेवा प्रवाहको विशेष रणनीति निर्माण गर्दै लगिनेछ ।

३.२.२ आम नागरिकलाई सहज सेवा प्रवाह गर्न नगरपालिकाका, वडा कार्यालय तथा विषयगत कार्यालयहरुले सेवाको प्रकृति र अवस्था अनुसार सेवा, कर्मचारी, कार्यदिने र कार्यक्षेत्रलाई आधार मानी समुहीकरण गर्दै सेवा प्रवाहको ढाँचा, विधि र प्रक्रियाको निर्धारण गर्ने नीति लिइनेछ ।

३.२.३ सेवा प्रवाहको विधि र प्रक्रियालाई अनलाईन प्रविधि, आलोपालो विधि र टोकन पद्धतिसंग आवद्ध गर्दै लगिनेछ, प्रवाह गरिने सेवालाई अत्यावंश्यक, विशेष र सामान्य गरी- वर्गीकरण गरिनुका साथै सोही अनुरुप सेवाको स्तर निर्धारण गर्दै कार्यकक्ष, जनशक्ति र सेवा प्रवाहको विधि निर्धारण गर्ने नीति लिइनेछ ।

३.२.६ नगर कार्यालय र वडा कार्यालयलाई पूर्ण डिजिटलाइजेशन गराउन अफिस अटोमेशन तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।

३.२.७ सार्वजनिक सेवा प्रवाहसँग वीमालाई आवद्ध गरी घरको नक्सापास तथा निर्माण सम्पन्न लिंदै गर्दा घर वीमालाई अनिवार्य गरिनेछ ।

३.२.८ नगरपालिकाद्धारा प्रवाह गर्ने सेवालाई क्रमश होम डेलीभरी सेवाको रुपमा सरकारको अवधारणा अनुरुप बिस्तार गर्दै लगिनेछ ।

३.२.९ यस नगरपालिकाभित्र रहेका शिक्षा, स्वास्थ्य र वडा कार्यालयलाई व्यवस्थित बनाउनको लागि डिजिटल हाजिर र सि.सि.क्यामरा व्यवस्था गरी सोको निगरानी सम्वन्धि नगरपालिकाबाट गरिनेछ ।

## ३.३ राजस्व तथा आर्थिक प्रशासन नीति

३.३.१ नगरपालिकाक क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको सुक्ष्म रुपमा पहिचान र उचित व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत बृदि गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।



CamScanner

३.३.२ नगरपालिकाको स्वायत अधिकार भित रहने कर दस्तुरका बृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यबस्थापनमा उपयुक्त नीति बनाई स्रोत साधन परिचालन गरिने छ ।

३.३.३ आन्तरिक स्रोत तर्फ कर, शुल्क ,महशुल,जरिवाना आदि असुलीलाई प्रभावकारी बनाई नगरपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजस्व असुलीको योजनालाई निरन्तरता दिइने छ ।

३.३.४ व्यवसाय कर, बहाल कर तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ र साथै दोहोरो कर निरुत्साहन गर्दै नगरपालिकाभित्र दर्ता गरिएका व्यवसायहरुलाई पनि बैंकिंग कर्जाको व्यवस्था गर्न पहल गरिने छ ।

३.३.५ करदाताहरुको वर्गीकरण गरि करदाताको घर दैलो मार्फत कर जागरण बढाई कर संकलनमा तिब्रता दिइने छ साथै साना करदाताहरुलाई करदाता शिक्षा मार्फत कर तिर्न उत्साहित गरिने छ ।

३.३.६ नगरपालिकामा रहेका निर्माणका मेशिन,औजारहरु अधिकतम उपयोगबाट आय स्रोत बढाईनेछ ।

३.३.७ हाल सम्मका पेस्की तथा बेरुजु फर फारकका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत फर फारक नीति बनाई शुन्यतामा लगिनेछ ।

३.३.८ नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका उद्योग,व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी बनाउदै विशेष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

३.३.९ सेवाग्राहीले अन्य निकाय बाट सेवा लिंदा नगरपालिकाले कर चुक्ता अनिवार्य गराउन सम्वन्धित निकायसंग समन्वय गरिनेछ ।

३.३.१० बलरामा व्यावसायिक भवन निर्माण गरि आन्तरिक आय बृदिको आधार तयार गरिनेछ ।

३.३:११ करको दायरामा सबै करदातालाई ल्याउन कर तिर्न बक्यौता बाँकी कर स्वघोषणा गरि तिर्न आएमा केहि कर छुट गर्ने नीति अवलम्बन गरिनेछ ।

३.३.१२ नगरपालिकाबाट हरेक सिफारिसमा लिदैं आईएको सर्पदंश शुल्कलाई पुनर्विचार गरी आवश्यकता अनुसार परिवर्तन गर्दै सुचारु गरिनेछ ।

३.३.१३ बलरामा रहेका सबै सरकारी बजार निर्माण, मर्मत तथा सौन्दर्यकरण गरिनेछ ।

### ३.४ सुशासन नीति

३.४.१. नगरपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधि नगरवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि सूचनालाई प्रभावकारी बनाउन नगरपालिकामा विधुतिय माध्यमबाट सार्वजनिक गरिनेछ ।

३.४.२ नगरपालिकाबाट दिइने सेवाहरुको सूचना एवम जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्यांक,सूचना,कर,नीति योजना तथा कार्यक्रम लगायतका विषयहरुमा विधुतिय प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ ।

३.४.३ संघ,प्रदेश संगको समन्वयात्मक सम्बन्ध कायम गरि अन्तर स्थानीय तहका साथै विदेशी मुलुकका प्रतिष्ठित नगरसंग भगिनी सम्बन्धको प्रक्रिया अगाडी बढाइने छ ।

३.४.४ शिक्षा,स्वास्थ्य,कृषि र सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सामाजिक परीक्षण गर्दै लगिने छ ।

३.४.५. न्यायिक समिति मार्फत मिलापत्र केन्द्र,न्याय सम्पादन तर्फ सामाजिक सचेतनासामाजिक सद्भाव कार्यका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

३.४.६ महिला पुन: स्थापना केन्द्र संचालन व्यवस्था मिलाइने छ ।

३.४.७ बिगतमा बनेका ऐन, कानुन एवम कार्यविधिहरुलाई आवश्यकता अनुसार संसोधन एवम परिवर्तन गरिने छ ।

### ३.५. स्वास्थ्य सेवा सम्बन्धि नीति

३.५.१ नगरवासीको स्वास्थ्य सुरक्षार्थ नेपाल सरकार र प्रदेश सरकारसंग गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास,औषधि एवम उपकरण र दक्ष स्वास्थ्य कर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने नीति लिइने छ ।

३.५.२ सबै वडाको स्वास्थ्य सेवामा गुणस्तरीय विकास तथा सेवा प्रवाहमा बढोत्तरी गर्दै लगिने छ ।



CamScanner

३.५.३ वडा स्थित स्वास्थ संस्थाहरु पूर्ण क्षमतामा संचालन तथा व्यवस्थापन गर्न आवश्यक नीति लिइने छ ।

३.५.४ निःशुल्क आधारभूत स्वास्थ्य सेवामा नगरवासीको सुलभ र सहज पहुँचका लागि एम.बि.बि.एस.डाक्टर,प्याथोलोजी ल्याब र एक्सर रे , डाइलोसिस सहित स्वास्थ्य परिक्षणको सेवा लाई निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

३.५.५ आम नागरिकको बस्ति तथा टोलमा नै उपस्थित भई स्वास्थ्य सेवा प्रदान गर्न घुम्ती शिविर मार्फत विशेषज्ञ सेवा,प्रयोगशाला सेवा र निःशुल्क औषधि वितरण गर्ने कार्यलाई अगाडी बढाईने छ ।

३.५.६ महिला स्वास्थ्य स्वयम् सेविका, वडा स्थित स्वास्थ्य संस्था व्यवस्थापन समिति र स्वास्थ्य संस्थाका कर्मचारीहरुको क्षमता तथा ज्ञान अभिबृदिमा विशेष लगानी गर्ने नीति लिइने छ ।

३.५.७ महामारी जस्ता परिस्थति नियन्त्रण भन्दा बाहिर गएको अवस्थामा समेत नगरवासीको सुरक्षार्थ विशेष रणनीति निर्माण गरिने छ ।

३.५.८ नगरभित्र रहेका सरकारी, निजी तथा सामुदायिक अस्पतालहरुसंग समन्वय तथा सहकार्य गरि विशेषज्ञ चिकित्सक सेवामा सर्वसाधारण नागरिकको पहुँच बृदि गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

३.५.९ परम्परागत र आयुर्वेद उपचार पद्तिलाई प्रवर्दन गरी जनस्वास्थ्य सेवा अभिबृधि गरिदै लगिने छ।

३.५.१० संघिय सरकारको प्रस्ताव गरेका श्रम अस्पताल निर्माणको लागि पहल र सहजीकरण गरिने छ ।

३.५.११ स्वस्थ्य बिमितले अनिवार्य र सहज रुपमा बिमा बाट उपचार पाउनको लागि अस्पतालमा पहल गरिने छ ।

३.५.१२ आर्थिक अवस्था नाजुक भएको परिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिने छ ।

३.५.१३ बलरा नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीलाई क्षेत्रगत रुपमा हेरी बर्थिंग सेन्टरको रुपमा व्यवस्थापन गरिने छ ।

३.५.१४ सम्पूर्ण वडाहरुमा एम्बुलेन्स सेवाको पहुँचमा सुनिश्चितता ल्याइने छ ।



CamScanner

३.५.१५ नगरपालिका भित्र रहेका P.H.C. मा X-ray मेसिन खरीद गरी संचालनमा ल्याइनेछ ।

### ३.६ कृषि तथा पशुपन्छी विकास सम्बन्धि नीति

३.६.१ कृषि क्षेत्रमा आधुनिकीकरणका लागि कृषि विधुतिय सिंचाई प्रणालीको आधुनिकीकरण नीतिलाई अवलम्बन गरिदै लगिने छ साथै आवश्यकता अनुसार डिप बोरिंग निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

३.६.२ नगरपालिका क्षेत्रमा विस्थापित हुन थालेका पशुपालन,कृषि प्रणालीको निरन्तरताका साथै कृषि भूमिको संरक्षण गर्न यसको विकास र विस्तारका लागि आधुनिकीकरण गर्ने र यसैका माध्यमबाट जनताको लागि आय आर्जनका कार्यक्रमहरु संचालन गरि व्यवसायीकरण गर्ने नीति लिइने छ ।

३.६.३ कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको बिउ बिजन,कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समुहहरुलाई लागत साझेदारीमा वितरण गरि कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृदि गर्ने नीति लिइने छ ।

३.६.४ पशुजन्य उत्पादनमा जोड दिदै किसानलाई उन्नत पशु स्वास्थ्य सेवा नि:शुल्क तथा लागत साझेदारीमा सेवा दिई दुग्ध र मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहन गरिने छ । पशु पन्छी पालनमा नक्ष सुधार कार्यक्रम तथा किसानलाई पशु बिमा गर्न प्रोत्साहन गर्ने नीति लिइने छ ।

३.६.५ बजारमा उच्च माग भएका र तत्काल बिक्रि वितरण गरि आय आर्जन गर्न सकिने नगदेबालीमा तथा मसिनो धान(बासमती)मा कृषकको प्राथमिकता र आकर्षण बृदि गर्न तालिम,समुह,खेति,प्रोत्साहन, अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति लिइने छ ।

३.६.६ युवाहरुको आकर्षण बढाई स्वरोजगारको विकास एवम आय आर्जनका लागि नगरपालिकाको आन्तरिक माग र बजारमा उच्च माग हुने मौसमी तथ बेमौसमी तरकारी खेति सहित बालीनाली विकास गराउन औषधि छर्ने मेशिन औजार वितरण , समरसेल वितरण,मोटर वितरण,लगायतका कार्यलाई निरन्तरता दिइने छ ।

३.६.७ बेरोजगार युवाहरुको स्वरोजगार विकास, कृषि पेशामा आकर्षण बढाउन र दुध तथा दूधजन्य उत्पादनमा बृदि गर्न उन्नत जातका बाछी र पाडी वितरण खोर गोठ सुधार सहितको युवा स्व:रोजगार लक्षित कार्यक्रमहरु तथा तत्काल दुग्ध चिस्यान केन्द्र स्थापना गरिने छ ।



CamScanner

३.६.८ युवा अवस्थाको उर्जालाई कृषि क्षेत्रमा व्यवसायीकरण गर्न स्वःरोजगार बन्ने र बनाउने नीति अबलम्बन गरिने छ ।

३.६.९ घुम्ती शिबिर मार्फत माटो तथा गोबर परिक्षण कार्यक्रम संचालन गर्दै कृषि तथा पशुपन्छी पालन क्षेत्रको उत्पादन बृदि गरिने छ ।

३.६.१० नगरपालिका क्षेत्रमा उत्पादन गर्न सकिने उर्वर जमिनलाई बाँझो राख्न पाइने छैन । यस्ता क्षेत्रहरमा सामुहिक खेति प्रणाली गर्न चाहने कृषक समुहलाई नगरपालिकाबाट सिंचाई,बिउ,बिजन,औषधि तथा कृषि औजार उपकरणमा अनुदान दिने नीति लिइने छ ।

३.६.११ नगरपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा सिंचाई सुबिधा बृदि गरि कृषि उत्पादनमा बृदि गर्न पूर्वाधार विकासमा लागत साझेदारी गर्ने नीति लिइने छ । सिंचाईका लागि सोलार पम्प प्रविधि प्रयोगमा प्रोत्साहन गर्न अनुदान दिने नीति लिइने छ ।

३.६.१२ कृषि तथा पशुपन्छी र व्यावसायिक कृषि प्रणालीका लागि संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सम्बन्धित वडा कार्यालयको पुर्व जानकरी र सिफारिसका आधारमा मात्र कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

३.६.१३ स्थानीय उत्पादन स्थानीय क्षेत्रमै उपभोग गर्ने नीतिको कार्यान्वयनका लागि वडास्तरमा नै क्यालेन्डर निर्माण गरि हप्ताको निश्चित एक दिन हाटबजारको व्यवस्था गरि सोहि हाट बजार बाट नै बाह्य बजारमा पहुँच जोडिने व्यवस्था गरिने छ । नगरवासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजारबाटै खरिद गरि उपयोग गर्न प्रोत्साहन गर्ने नीति लिइने छ ।

३.६.१४ स्थानीय किसानहरुको बिचमा स्वस्थ्य प्रतिस्पर्धात्मक वातावारण को सिर्जना गर्दै कृषि प्रणाली लाई सुदृढ र दिगो बनाउन कृषि मेला प्रदर्शनीको आयोजना गरिने छ । उक्त कृषि मेला प्रदर्शनीमा स्थानीय उत्पादनक प्रदर्शनी, बिक्रि वितरण,तालिम अनुभव आदानप्रदान र कृषक क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

३.६.१५ व्यावसायिक रुपमा विषादी रहित प्राङ्गारिक कृषि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिने छ ।

३.६.१६ कृषि सिंचाईका रुपमा रहेका पुराना बाँच पैनी कुलोलाई पुनः संचालनमा ल्याइने छ ।

३.६.१७ कृषि उपजको भण्डारणको लागि शित भण्डार तथा खाद्य भण्डार निर्माणको सम्भाव्यता अध्ययन गरिने छ ।

३.६.१८ कृषि उपज खरिद तथा बिक्रि केन्द्र सहकारी, कृषक समुह निजि क्षेत्रको सहभागितामा संचालन गरी कृषिमा रहेको बिचौलिया नियन्त्रण गरिने छ ।

३.६.१९ प्रत्येक कृषकलाई बिमा निःशुल्क देखि पाउने अनुदान सहज रुपमा मिलाइने छ ।

३.६.२० कृषि प्रयोजनको लागि माटो परिक्षण प्रयोगशालाको व्यवस्था गरिने छ ।

३.६.२१ भेटेनरी अस्पताल र पशु चिकित्सकको व्यवस्था गरिने छ ।

### ३.७ शिक्षा सम्बन्धि नीति

३.७.१ सामुदायिक विद्यालयको गुणस्तर अभिबृदि, भौतिक पूर्वाधारयुक्त बनाउने,पठनपाठनको गुणस्तर सुधार ल्याउने र शिक्षकहरुको भूमिकालाई प्रभावकारी बनाउने कार्य र एक विद्यालय एक बालउद्यानको अवधारणालाई निरन्तरता दिइने छ ।

३.७.२ सामुदायिक विद्यालयहरुको आम्दानी र खर्चलाई पारदर्शी गर्न विद्यालयहरुको लेखा लेखांकन सफ्टवेयरलाई पूर्णरुपमा लागु गरि विदयालयहरुको वित्तीय प्रतिबेदन चौमासिक रुपमा प्रकाशन गरिने छ।

३.७.३ नेपाल सरकारबाट प्राप्त शिक्षा क्षेत्रको सशर्त अनुदानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

३.७.४ शिक्षा विकासका लागि विद्यालयहरुको बिचमा शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरि विभेदपूर्ण शिक्षा प्रणाली अन्त्य गर्न सहकार्यको कार्यक्रम संचालन गरिने छ । नेपाल सरकारले बालबालिकाका लागि निःशुल्क खाजा कार्यक्रम उपलब्ध गराएको छ । यस लाई अझ बढी प्रभावकारी बनाउन गुणस्तर मापन गरेर मात्र खुवाउने व्यवस्था मिलाइने छ ।

३.७.५ सामुदायिक विद्यालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्य सम्पादन करार सम्झौता,नतिजामा आधारित शैक्षिक क्यालेन्डर र सिकाई एवम अभ्यास अदान प्रदान कार्यक्रम संचालन गरिने छ । दलित तथा पिछडा वर्ग,महिला,तथा प्राविधिक क्षेत्रमा छात्रवृत्ति प्राप्तहरुको प्राविधिक क्षेत्रको उच्च शिक्षामा पहुँचमा वृदिका लागि नगर पालिकाबाट आर्थिक सहयोग गर्ने नीति लाई निरन्तरता दिइनेछ । यस्तो सहयोग आगामी आर्थिक वर्षहरुमा थप विस्तार गर्दै लगिनेछ ।

३.७.६ नगरपालिका भित्र गुणस्तरीय र निःशुल्क शिक्षा नीतिलाई कार्यान्वयन गर्न खाली दरवन्दीलाई पूर्णता, दरवन्दी नपुग भएका विद्यालयहरुमा नगर स्वयम्सेवक शिक्षक भर्ना गरी निजहरुको



CamScanner

क्षमता विकास र संचालित मा.वि.तथा आधारभूत विद्यालयहरुको भौतिक संरचना सुधार गराउदै लगिनेछ ।

३.७.७ शिक्षाको गुणस्तर सुधार गर्न सम्बन्धित क्षेत्रका विज्ञहरु रहने गरि समिति गठन गरि नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ । साथै नगर शिक्षा कोषको थालनी गरिनेछ ।

३.७.८ बालबालिकालाई जीवनोपयोगी सिप,विपद व्यवस्थापन सिप, आत्मरक्षा गर्नका लागि सिप सिकाउने र विद्यालय तह पुरा गरेपछि स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीति लिने कार्यक्रमको थालनी गरिनेछ ।

३.७.९ स्थानीय पाठ्यक्रम विकास गरि सो पाठ्यक्रमलाई सिपमुलक शिक्षासंग जोड्दै शिक्षा प्रणालीमा आबद् गरिनेछ ।

३.७.१० शिक्षकलाई आफ्नो पेसागत मर्यादा र सक्षमता अभिबृधि गर्न शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको नतिजा तथा उपलब्धि संग जोडिनेछ ।

३.७.११ नगरपालिकाभित्रका कक्षा ९ सम्मको प्रश्नपत्र नगरपालिकाले निर्माण गरि परीक्षा लिने व्यवस्थाको थालनी गरिनेछ ।

३.७.१२ सबै विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य गरिनेछ ।

३.७.१३ प्रत्येक सामुदायिक विदयालयबाट संचालन हुने दिवा खाजा कार्यक्रमलाइ थप व्यवस्थित तथा गुणस्तरीय बनाउन नगरपालिका स्तरीय अनुगमन समिति गठन गरी कार्यान्वायनमा ल्याइने छ ।

३.७.१४ नगर क्षेत्र भित्र संचालित सामुदायिक क्याम्पसहरुको दिगो सम्बर्दनको लागि आवश्यक शैक्षिक तथा भौतिक अनुदान उपलब्ध गराइनेछ । साथै प्राविधिक शिक्षाको स्थापना र विकासमा जोड दिईनेछ ।

३.७.१५ सामुदायिक तथा संस्थागत विद्यालय बिचको भेदभावलाइ अन्त्य गराई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण तयार गरिनेछ ।

३.७.१६ एम.बि.बि.एस, ईन्जिनियरिंग पढ्ने दलित तथा विपन्न जेहेन्दार छात्रछात्राहरु लाई छात्रवृत्ति दिइनेछ ।

३.७.१७ एक नगरपालिका एक प्राविधिक शिक्षालय खोलिने व्यव्स्था मिलाईनेछ ।



CamScanner

३.७.१८ शिक्षक सेवा तयारी कक्षा, लोक सेवा तयारी कक्षा, सुरक्षा निकाय संग तयारी कक्षाहरुको निरन्तरता दिईनेछ ।

## ३.८ खेलकुद तथा अतिरिक्त क्रियाकलाप नीति

३.८.१ नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि परिचालन गरिनेछ ।

३.८.२ नगरपालिका भित्र रहेका खुला,सार्वजनिक पर्ति, तथा नदि उकास आसपासका क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रहरुमा खेलकुद मैदान, बालउधान, फुटबल जस्ता पूर्वाधारको निर्माण एवम संचालनमा सार्वजनिक निजि साझेदारीमा व्यबस्थापन गर्ने नीति लिइनेछ ।

३.८.३ नगरपालिका भित्र रहेका खुला, सार्वजनिक क्षेत्रहरुका योग साधना,व्यायामका अतिरिक्त शारीरिक तथा मानसिक अवस्था स्वस्थ्य राख्ने बहुआयमिक क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

३.८.४ नगरपालिका क्षेत्रका वियालयहरु बीच खेलकुद,कला,साहित्य,संस्कृति लगायत अतिरिक्त क्रियाकलाप प्रतियोगिता आयोजना गरिनेछ ।

३.८.५ रास्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित, प्रतिस्पर्धी र मर्यादित बनाउदै सो कार्यक्रमको लागि निरन्तरता दिइनेछ र नगरभित्रका वियालयलाई सहभागिताको आधारमा आर्थिक सहयोग गरिनेछ।

३.८.६ नगरस्तरीय मेयरकप क्रिकेट टुर्नामेन्टलाइ थप व्यवस्थित तथा प्रभावकारी बनाउदै आगामि आर्थिक वर्षमा पनि निरनतर्ता दिइनेछ ।

## ३.९ पूर्वाधार विकास नीति

३.९.१ नगरपालिका क्षेत्रभित्र अत्यावश्यक सडकहरुको लागि नगरपालिका यातायात गुरुयोजना(MTMP) निर्माण गरी विस्तृत योजना प्रतिबेदन तयार गरि लागु गरिनेछ ।

३.९.२ नेपाल सरकारद्वारा निर्धारण गरिएको मार्गदर्शन एवम रास्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्बन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकता आधारमा समग्र शहरी विकास तथा भौतिक पूर्वाधार निर्माण,पुनः निर्माणलाई आगाडी बढाईनेछ । साथै नगरपालिकाको पहिचानका लागि भवन रंगको मापदण्ड बनाई कार्यन्वयनमा ल्याईनेछ ।

३.९.३ नगरपालिका क्षेत्रको सडक संजालमा सबै नगरवासीहरुको पहुँच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण भन्दा भएको सडकहरुको स्तरोन्नति गरिनेछ । साथै नगरपालिका



CamScanner

क्षेत्रमा रहेको रणनीतिक सडक , सहायक सडक, गोरेटो बाटो आदिको सिमांकनको कार्यलाई क्रमशः प्राथमिकताका आधारमा आगाडी बढाइनेछ ।

३.९.४ नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरु लाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईने छ ।

३.९.५ नगरपालिका क्षेत्र भित्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकुद लगायतका क्षेत्रहरु सार्वजनिक,निजी, साझेदारी (PPP) अबधारणाका आधारमा उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।

३.९.६ नगरपालिका क्षेत्रमा भएका विधुत लाइनका पोल तथा वितरित लाइनहरु व्यवस्थित रुपमा सुधार गरि विधुत सेवा उपयोगमा सबैको पहुँच पुर्याउन सम्बन्धित निकाय संग समन्वयात्मक पहल गरिनेछ ।

३.९.७ आफ्नो कार्यालय भवन नभएको वडाले अनिवार्य रुपमा कार्यालय भवन निर्माण गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

३.९.८ उपभोक्ता समितिबाट हुने निर्माण कार्य घटाउदै र टोल विकास समिति मार्फत निर्माण कार्य गरिदै लगिनेछ ।

३.९.९ प्रत्येक नागरिकले आफ्नो व्यक्तिगत तथा घरायसी प्रयोजनक लागि निर्वाध रुपमा प्रयास सुरक्षित र सुलभ पानी प्रयोग गर्न पाउने मौलिक हक अधिकारका लागि आवश्यक पहल लिइनेछ ।

३.९.१० वडा ४ र वडा नं.७ स्थित खानेपानीलाई यसै वर्ष संचालनमा ल्याई वडा नं.३, ४ र ५ का जनताको स्वच्छ खानेपानी प्रयोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ । अन्य वडाहरु १,२,६,८ ९,१० ,११ हरुमा समेत स्वच्छ खानेपानीका लागि आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ ।

३.९.११. नदि कटान तथा बाढीबाट हुन सक्ने जनधनको क्षति तथा न्यूनीकरणका लागि आवश्यक वातावारणीय दृष्टिकोणले दिगो पूर्वाधारहरुको निर्माण गरि क्षति न्यूनीकरण तथा व्यबस्थापन गरिनेछ ।

३.९.१२ नगरगौरवको योजना सम्भाव्यता अध्ययन गरि कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

३.९.१३ नगरपालिका भित्र रहेका प्रमुख चोकहरुमा CCTV जडान गरिनेछ ।

३.९.१.४ बलरा नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि बजेट विनियोजन गरिनेछ ।



CamScanner

### ३.१० आर्थिक विकास नीति

३.१०.१. युवाहरु रोजगारीको सिलसिलामा विदेश जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न उपयुक्त तालिमहरु उपलब्ध गराई स्वदेशमै स्वरोजगार सिर्जना गरि एक घर रोजगार अभियान लाई सफल पार्न पहल गरिनेछ ।

३.१०.२ नगरको श्रम नगरकै लागि पसिना भन्ने नीतिलाई कार्यान्वयन गर्न युवाहरुलाई लक्षित गरी रोजगारमुलक सिप विकास तालिम प्रदान गरिनेछ ।

३.१०.३ युवाहरुलाई लक्षित गरी स्वःरोजगार,आत्मनिर्भर,स्वावलम्बी र चरित्रवान बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रमहरु संचालन गरिनेछ ।

३.१०.४ नेपाल सरकारको सहयोगमा संचालित मेडपा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

### ३.1.1 सामाजिक विकास नीति

३.11.1 यस नगरपालिका क्षेत्र भित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य मधुमेह उच्च रक्त चाप थाइराइड मृगौला क्यान्सर मुटु रोग आङ खस्ने समस्या जस्ता रोगको निःशुल्क स्वास्थ्य परिक्षण शिविर एम्बुलेन्स सेवा लगायतका सेवा सुविधालाई सहज र सरल ढंगले उपयोग गर्न सकने वातावरण बनाउन आवश्यकता अनुसार निजी तथा संस्थागत साझेदारी सअभागिता समेतलाई अवलम्वन गरी प्रचावकारी ढंगले योजना बनाइने छ ।

३.11.२लक्षित वर्गको क्षमता बृद्धि गरी आत्मनिर्भर बनाउन चेतनामुलक सीपमुलक आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराउने छ ।

३.11.३ लक्षित वर्गको क्षमता वृद्धि गरी आत्मनिर्भर बनाउन चेतनामुलक सीपमुलक आयमुलक तालमिहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराउने छ ।

३.11.३ नगरपालिकाको स्वमित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३.११.४ नगरपालिका भित्र परम्परागत रुपमा संचालन हरने मेला पर्व भजन आदि जस्ता धार्मिक परम्परा संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सांस्कृतिक पर्यटन विकासको रुपामा स्थापित गरिदै लगिनेछ ।

३.११.५ नगरपालिका क्षेत्रमा रहेका सम्पदा मठ मन्दिर मस्जिद पा.टी पौवा तथा सामाकि क्षेत्रका पुर्वाधार निर्माण तथा मर्मतसंभारको लागी समन्वयात्मक पहल गरिने छ ।

३.११.६ नगरपालिका क्षेत्र भित्रका अती गरिब दलित जनजाती महिला लगायतहरुको क्षमता विकास सिप विकास आय आर्जन लगायतका कार्यहरु सञ्चालन गरी पछाडी पारिएका वर्ग तथा समुदायको उन्नती र प्रगति हुने कार्यकमहरु सञ्चालन गर्दै लगिनेछ ।

३.११.७ प्राकृतिक प्रकोपका हिसाबले अति जोखम क्षेत्रमा पर्ने वासिनदा पिछिडिएका वर्ग न्युन आय भएका तथा विपन्न व्यक्तिहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुको दुर्घटना स्वास्थ्य तथा सम्पत्तिको सुरक्षा प्रदान गर्न प्रोतसाहन सहितको लघुवित कार्यक्रम लागु गरिनेछ ।

३.११.८ नगर क्षेत्र भित्रमा एउटा अनाथ आश्रम भवन निर्माण गरिनेछ ।

**सहकारी सम्बन्धि नीति**

३.११.८ नगरपालिका क्षेत्रभित्रको आर्थिक र सामाजिक रुपानतरणको लागी गुणात्मक एवम् दिगो सहकारीता अभिवृद्धि गर्न नगरपालिका क्षेत्रका सहकारी र वितिय क्षेत्रलाई परिचालन गर्ने नीति लिईनेछ ।

३.११.९ सहकारीको माध्यमबाट गरिब विपन्न वर्गका सदस्यहरुको संलग्नतामा संचालन हुने नगरपालिका बिच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

३.१२.० कृषिमा आधुनिकिकरण र व्यवसायिकरण गर्न साना किसानहरुलाई सहकारीको माध्यमबाट एकिकृत गर्दै सामुहिक खेति तरकारी बिऊ बिजन फुल र अन्य कृषि उपजका बजार व्यवस्थापन गरिनेछ ।

३.१२.१ सहकारी क्षेत्रको क्षमता अभिवृद्धिको लागी सहकारी शिक्षा नेतृत्व विकास र व्यवस्थापन तालिम समन्वयात्मक रुपमा संचालन गरिनेछ ।



CamScanner

३.१२.२ समस्याग्रस्त सहकारीहरुको पहिचान गर्दै सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्ने सहकारी क्षेत्रमा संस्थागत सुशान कायम गर्न नगरपालिकाबाट नियमित अनुगमन गर्ने र नियमित्त अनुगमनको माध्यमबाट यस नगरपालिका भित्र संचालित सहकारी संस्थाहरुको तथ्यांकलाई दुरुस्त बनाईनेछ ।

३.१२.३ दर्ता भएका तर तीन आ.व. सम्म साधारण सभा नगरी निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई खारेजीको प्रकृयामा लगिनेछ भने एउटै प्रकृतिका सहकारी तथा सदस्य दोहोरिएका सहकारी संस्थाहरुलाई सहकारीको मर्म अनुरुप एकिकरणको प्रकृयामा लगिनेछ ।

३.१२.४ नयाँ सहकारी दर्ता प्रकृयालाई हालको लागी पुर्ण रुपमा निरुत्साहित गरी संचालनमा रहेका सहकारी संस्थाहरुलाई नगरपालिकाबाट व्यवस्थित गरिनेछ भने यस नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारीहरुको प्रवर्द्धन तथा संस्थागत विकासको लागी नमुना सहकारीहरुको अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

३.१२.५ सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सुचना प्रणाली(COPOMIS) मा आवद्ध गरी सहकारीको विवरणहरुमा अधावधिक गरी यस नगरपालिका भित्र ऐन नियम बमोजिम संचालित सहकारीहरुलाई पुरस्कृत र सो विपरित संचालित सहकारीहरुलाई जरिवानाको दायरामा समेत ल्याईनेछ ।

३.१२.६ यस नगरपालिका भित्र संचालित कृषि उपभोक्ता तथा उत्पादनमुलक सहकारीहरुको प्रभावकारी अनुगमन गरी आवश्यकताको आधारमा शसर्त पुँजीगत अनुदानको व्यवस्था गरिनेछ भने कृषि तथा उपभोक्ता सहकारीको माध्यमबाट यस नगरपालिकाको कृषक एवम् उपभोक्ताहरुलाई आवश्यक रासायनिक मल तथा उपभोक्ता सेवाको परिपूर्ति गर्न सम्बनिधत निकायसँग आवशयक पहल गरिनेछ ।

३.१२.७ सहकारी संस्थाको समस्या समाधानका लागी यस नगरपालिकाको पहलमा चौमासिक रुपमा सबै सहकारी संस्थाको प्रतिनिधिहरुको उपस्थितिमा बैठक बसी सहकारीका समस्याहरुको उचित समबोधन गरिनेछ ।

३.१२.८ वन वातावरण र फोहोरमैला तथा विपद् व्यवस्थापन सम्बन्धि नीति अनुगमन गर्न नसकिने तर तयारी गरे विपद्बाट बाँच्न र बचाउन सकिने अभ्यास हामीले गर्दै आएको छौं । विपद् कतिबेला आउछ नभनी पूर्व अनुगमन गर्न नसकिने देखा परेमा

तत्काल प्रतिकार गर्नुपर्ने भएकाले आगामी आर्थिक बर्षमा समेत् यसलाई निरन्तरता दिईनेछ ।

३.१२.९ नगरपालिकाबाट पारित विपद् व्यवस्थापन ऐन तथा कार्यविधिको अधिनमा रही वडा स्तरीय विपद् व्यवस्थापन समितिको निर्णयबाट वडा कार्यालयले नै सानातिना विपद् सम्बोधन गर्ने नीतिगत व्यवंस्थाको कार्यान्वयन गरिनेछ ।

३.१३.० नगरपालिका क्षेत्रको विकासमा अवरोध गर्ने सडक तथा नदी खोलानालाको क्षेत्राधिकार मिच्ने मास्ने तथा नष्ट गर्ने जमीन घर तथा भौतिक संरचनामा स्वीकृत मापदण्ड विपरीतको कार्य गर्ने व्यक्ति तथा समुहको पहिचान गरी नगरपालिका स्तरीय लगत खडा गरिनेछ । वडा तथा नगरपालिकाले यस्ता व्यक्ति तथा समुहलाई नियमन गर्दै कानुनी दायरामा ल्याउने नीति लिईने छ ।

३.१३.१ सडकको क्षेत्राधिकारभित्र सडक निर्माण गर्न अवरोध गर्नेलाई नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्ने नीति लिईनेछ ।

३.१३.२ बीमाको माध्यमबाट विपद् व्यवस्थापन तथा क्षति न्यनिकरण गर्न आम नागरिकलाई बीमा बारे जनचेतना फैलाई सर्वसुलभ रुपमा बीमा सेवा उपलब्ध गराउनका लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१३.३ नगरपालिकाबाट निस्कने फोहर विसर्जनका लागी जमिनको आवश्यक व्यवस्थापन गर्दै लैजाने र जमिन व्यवस्थापना नहँदा सम्म अन्य स्थानिय निकायसँग समन्वय र सहकार्य गरी फोहोर व्यवस्थापन गरिनेछ ।

३.१३.४ सरसफाई तथा फोहोर व्यवस्थापनका लागी संस्था व्यक्ति तथा फर्म मार्फत गराईदै आएकोमा आ.व.२०८०/०८१ देखि नगरपालिका र वडा कार्यालयको सहकार्यमा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

३.१३.५ सडक बाटोको दायाँबायाँ दुबै तर्फ खोलाका किनार पैनीको किनारमा वृक्षारोपण गर्नुपर्ने नीति लिईनेछ ।



CamScanner

भुमि व्यवस्थापन तथा भवन नियमन नीति

३.१३.६ नगरपालिका क्षेत्रभित्रका घरहरुको क्रमशः Block No. तयार गरी आधुनिक प्रणालीमा अभिलेखिकरण गर्दै आवद्ध गरिनेछ ।

३.१३.७ यस नगरपालिकालाई योजनावद्ध ढंगले विकास गर्न भु-उपयोग नीति अन्तर्गत कृषि उत्पादन क्षेत्र औधोगिक क्षेत्र आवास क्षेत्र हरियाली क्षेत्र खुल्ला क्षेत्र समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धारण गर्ने कार्यलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

३.१३.८ नगरपालिका भित्र प्लाटिङ्ग गर्नका लागी अधिकार प्राप्त निकायहरुमा दर्ता भई मापदण्ड पुरा गरेका व्यावसायिक संस्था तथा व्यक्तिलाई तोकिएका सबै मापदण्ड पुरा गर्ने शर्तमा मापदण्ड बनाई मापदण्ड बमोजिम स्वीकृति प्रदान गरिनेछ । यस्ता कार्यबाट सार्वजनिक पर्ति जग्गा अधिकमण नहुने र वातावरणीय रुपमा असर पर्ने तर्फ सतर्कता अपनाईनेछ ।

३.१३.९ मालपोत र नापी कार्यालय स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्ने भएको हुँदा मालपोत र नापी कार्यालयलाई नगरपालिका अन्तर्गत ल्याउन नेपाल सरकारसँग पहल गरिनेछ ।

३.१४.० सार्वजनिक जग्गा ओगटेर निर्माण गरिएका अनाधिकृत संरचनाहरु क्रमशः हटाईदै लगिनेछ ।

३.१४.१ नगर भित्र ऐलानी अव्यवस्थित भुमिहिन सुकुम्बासी र दलितहरुलाई राष्ट्रिय भुमी आयोगसँग समन्वय गरी लालपुर्जा वितरण कार्यको थालनी गरिनेछ ।

न्याय, कानुन ,अधिकार तथा सुशासन प्रवर्द्धन नीति

३.१४.२ सामाजिक सद्भाव विपद् व्यवस्थापन लगायत शानित सुरक्षाको सम्बन्धमा सम्बन्धित निकायसँगको विगत देखिको समन्वय सहकार्यलाई अझ बढी प्रगाढ र फलदायी बनाउँदै लगिनेछ ।

३.१४.३ नगरपालिकालाई आवश्यक पर्ने ऐन कानुन नियम र निर्देशिका बनाई विधिको शासनलाई पुर्णरुपमा कार्यान्वयन गरिनेछ ।



CamScanner

३.१४.४ सुचना प्रणाली व्यवस्थित गराउँदै लानुको साथै नगरपालिकाको विधुतिय पाश्चवचित्र (Digital Profile) तयार गरी सोको आधारमा योजना प्रक्रिया सञ्चालन गरिनेछ ।

**योजना अनुगमन तथा तथ्यांक नीति**

३.१४.५ नगरपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा सम्पन्न गर्नको लागी प्रत्यक आ.व.को वैशाख मसान्तभित्र कार्यादेश सम्झौता हुने गरी नीतिलाई निरन्तरता दिँदै असाढ १० सम्म सम्पन्न गरिनेछ ।

३.१४.६ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजनाको विवरण नगरपालिकाको वेभसाइट वा विधुतिय माध्यम मार्फत सार्वजनिक गरिनेछ ।

३.१४.७ स-साना योजनालाइ एकिकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धिमुलक पयोजनालाई प्रथमिकताका आधारमा क्रमश: सञ्चालन गर्ने नीति लिईनेछ ।

३.१४.८ साविकमा रहेको बक्यौता बेरुजु एवम् पेश्की फछ्र्यौट गर्ने कार्यलाई कार्य योजना सहित फछ्र्यौट एवम् असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाईनेछ ।

**पर्यटन प्रवर्द्धन नीति**

३.१४.९ नगरपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गरीनेछ ।

३.१४.१० बलरा न.पा.वडा नं.१० मा रहेको सुदामा व्यारेजमा ग्रीन पार्क निर्माण गरिनेछ ।

३.१४.११ वडा नं.११ मा निर्माणधिन रहेका हति पार्क योजनालाई संचालनमा ल्याई निर्माण कार्य आगाडी बढाइनेछ ।



CamScanner

आ.व.२०८०/०८१ को अनुमानित बजेट पेश गर्न गईरहेको छु ।

## आ.व.२०८०/०८१ अनुमानित बजेट

| संघीय सरकार | अनुमानित बजेट | प्रदेश सरकार | अनुमानित बजेट |
|---|---|---|---|
| सामानिकरण अनुदान | १२ करोड ८७ लाख | सामानिकरण अनुदान | ९५ लाख २८ हजार |
| सर्शत अनुदान | २३ करोड ७१ लाख | विशेष अनुदान | ३० लाख |
| विशेष अनुदान | २ करोड | समपुरक अनुदान | २० लाख |
| समपुरक अनुदान | ५० लाख | राजश्व बाँडफाँड | ६० लाख |
| राजश्व बाँडफाडँ | १० करोड ३१ लाख २० हज़ार | आन्तरिक श्रोत | २० लाख |

अन्त्यमा माथि उल्लेखित आर्थिक वर्ष २०८०/८१ को निति तथा कार्यक्रमका अलवा अघिल्लो वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण निती तथा कार्यक्रमलाई गन्तव्य सम्म पुर्याइनेछ भन्दै नीति तथा कार्यक्रमलाई ध्यान दिई मनन् गरिदिनुहुने नगर उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य ज्यू, सभाहलमा उपस्थित कर्मचारी वर्ग, सुरक्षाकर्मी, संचारकर्मी लगायत संचारमाध्यमबाट प्रत्यक्ष सुनिरहनुहुने नगरवासी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

रामा शंकर प्रसाद कुश्वाहा
नगर प्रमुख
बलरा नगरपालिका
मिति : २०८०/३/१० गते